# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर

स्थापित २०७३

लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल स्थापित-२०७३

प.सं. २०७९/०८० (आ.प्र. शाखा)
च.नं.

सुदूरपश्चिम प्रदेश, नेपाल
मितिः २०८०/०३/१७

विषयः- भुक्तानी र खाता बन्द हुने सम्वन्धमा ।

श्री सरोकारवाला सबै ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० (१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । साथै महालेखा नियन्त्रक कार्यालयले मिति २०८०/०३/११ को पत्रबाट आ. व. २०७९/८० को भुक्तानी प्रणाली २०८० असार २४ गते राती १२ बजे पूर्ण रुपले बन्द हुने स्पष्ट पारिसकेको छ ।

आर्थिक वर्षको अन्तमा कामको अत्याधिक चापले गर्दा स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) डाउन हुने तथा इन्टरनेट/सर्भरमा समस्या आई विद्युतीय भुक्तानी प्रणाली (eft) अवरुद्व हुने लगायतका अन्य विविध समस्याहरु उत्पन्न भई भुक्तानीमा असर पर्ने भएकोले यस गाउँ पालिका कार्यालयबाट भुक्तानी लिनुपर्ने भए त्यस्तो कारोबारको स्रेस्ता कागजात तयार गरि मिति २०८०/०३/२० गते भित्र अनिवार्य पेश गरि भुक्तानी लिनहुन अनुरोध छ । सो अवधिमा स्रेस्ता कागजात पेश नगरि वा भुक्तानी नलिई निकासा बन्द भएमा कार्यालय जबाफदेही नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

८०।३।१८

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत,

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत